# चन्द्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर , रौतहट ।

आ.ब. २०७५।०७६ को लागि आन्तरिक आयको ठेक्का सम्वन्धी

शिलवन्दी बोलपत्र आव्हानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७५।०७।२०) ठेक्का नं. ५**

यस कार्यालयबाट आर्थिक बर्ष २०७५।०७६ तथा उल्लिखित अवधिको लागि स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम निम्म अनुसारको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले यस नगरपालिकाबाट बोलपत्र फारम खरिद गरी पेश गर्न बोलपत्र आह्वानको सर्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | सन्तपुर हाटबजार | ६१२००/- | १०००/- | |
| २ | जुडिवेला/असनवा हाटबजार | ३२४००/- | १०००/- | |
| ३ | बागमती हाटबजार | १३५०००/- | १०००/- | |
| ४ | गैडाटार हाटबजार | ४९५००/- | १०००/- | |
| ५ | परडिया माछा पोखरी क्षेत्र | ५००००/- | १०००/- | प्रति बर्ष १०% को दरले बढ्दै जाने ५ बर्ष सम्म । |
| ६ | बडेरवा माछा पोखरी क्षेत्र | ६५०००/- | १०००/- | |

**शर्तहरु :**

१. प्रथम पटक प्रकाशित भएको मितिले टेण्डर फारम भरी १५ (पन्ध्र) दिनसम्म कार्यालय समय भित्र निवेदन साथ नवीकरण भएको इजाजतपत्र , मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र , आ.व. २०७४।०७५ सम्मको कर चुक्ता प्रमाणपत्र प्रमाणित प्रतिलिपि , बोलपत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहित बोलपत्र फारम भरी सक्नु पर्नेछ ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत (BID Security) धरौटी वापतको रकम स्वदेशी नागरिक भएमा बोल कवोल अंकको ५% र विदेशी नागरिक भए बोल कवोल अंकको १०% रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चन्द्रपुरमा रहेको धरौटी खाता नं. ग-३-०८१०३००००००००३००००१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक ग्यारेन्टी गोप्य शिलवन्दी टेण्डर फारमसँग पेश गर्नु पर्नेछ ।

३. दररेट शर्तहरुलाई पालना गर्ने गरी रीतपूर्वक भरी शिलवन्दी गरी टेण्डर फारम १६ औं दिनको १२:00 बजेसम्म यस नगरपालिकाको नगर कार्यापलिकाको कार्यालय चन्द्रपुरमा दर्ता गरी सक्नु पर्नेछ ।

४. बोलपत्र फारम खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश : सो को भोलिपल्ट बोलपत्र फारम खरिद , दाखिला र खोल्ने कार्य हुनेछ ।

५. रीतपूर्वक दर्ता आएका गोप्य शिलवन्दी टेण्डर फारमहरु १६ औं दिनका २:०० बजे बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधको उपस्थिति नभए पनि बोल पत्र खोल्न बाधा पर्ने छैन ।

६. शिलवन्दी दरभाउ पत्र फारममा आफूले कवोल गरिएको रकम अंक अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नु पर्ने छ ।

७. ठेक्का अंकको किस्ता बन्दी तीन किस्तामा बाडी पथम किस्ता पूरै नगद नेपाल बैंक लिमिटेड चन्द्रपुरमा रहेको संचित कोष ग-४-१-०८१०३०००००००४००१००१ मा जम्मा गरिएको सक्कलै भौचर बाँकी दुई किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" बर्गको बाणिज्य बैंकको जमानत (Performance Security Bond) पेश गरी सम्झौता गरी उपस्थित हुनु पर्नेछ । ठेक्का बापतको रकम स्वीकृति दरभाउपत्र दाताले सम्झौता गर्दाको बखत एक मुष्ठ बुझएमा सो वापत ५% सम्म सहुलियत स्वरुप छुट दिन सकिनेछ । माछा पोखरीको हकमा माथि उल्लिखित बमोजिम हुनेछ ।

८. बन्द हडताल लगायत गाउँलेहरुले ठेक्का चलन गर्न नदिएमको जस्ता जुन सुकै कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा सम्वन्धित ठेकेदार नै जिम्मेवार हुनुपर्नेछ र त्यस बापत यस कार्यालयबाट कुनै पनि क्षति पुर्ति तथा मिनहा दाबि गर्न पाउने छैन ।

९. कबोल अंकको १३% प्रतिशत मु.अ.कर समेत लाग्नेछ ।

१०.हाट बजारमा बिक्री गर्न ल्याउने व्यवसायिहरुबाट नियमानुसार तोकिएको दररेटमा कर संकलन गर्नु पर्नेछ ।

११.ठेक्काको अवधि सम्झौता अवधि देखि २०७६ असाढ मसान्तसम्म मात्र हुनेछ तथा माछा पोखरीको हकमा ५ (पाँच) बर्षको अवधि हुनेछ ।

१२.बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन ।

१३.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस चन्द्रपुर नगरपालिकालाई हुनेछ ।

१४.यसमा उल्लिखित नभएका कुराहरु सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यविधि ऐन, २०५५ र प्रचलित कानून बमोजिम हुनेछ ।

१५.यस सम्वन्धी अन्य कुनै जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर , रौतहट ।

आ.ब. २०७५।०७६ को लागि आन्तरिक आयको ठेक्का सम्वन्धी
शिलवन्दी बोलपत्र आव्हानको सूचना ।
(प्रथम पटक प्रकाशित मिति : २०७५।०७।२०)

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रदेश नं. २ आर्थिक ऐन २०७५ दफा ६ अनुसुची ४ (१) अनुसार चन्द्रपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०७५/०७६ का लागि नदीजन्य पदार्थको विक्रि एवं निकासीको आय ठेक्काहरु बन्दोबस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लिखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनीहरुवाट आ.व.२०७५/०७६ का लागि नवीकरण भएको इजाजत पत्र र आ.व.२०७४/०७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु तथा उक्त फर्म कार्य गर्न योग्य भएको स्वघोषणा (Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर नेपाल.बैंक लिमिटेड, चन्द्रनिगाहपुर शाखाको खाता नं. ग-४-१-०८१०३००००००००४००१००१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरि रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ ।**

**तपशिल**

| क्र. सं | ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र र परिमाण | न्युन्तम कबोल अंक वार्षिक | वोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | २/०७५/०७६ | बागमती नदिको पौराई र बागमती नाकाको ढुङ्गा, गिट्टी र वालुवा | बागमती नदिको पौराई र बागमती नाकाको तोकिएको क्षेत्र भित्रको ढुङ्गा, गिट्टी र वालुवा/परिमाण ६७,५०० घन मटिर | ९०,००,०००। (नव्वे लाख मात्र)। | २,०००। | कबोल अंकको ५% |
| २. | ३/०७५/०७६ | पूर्व पश्चीम राजमार्गको उत्तर पट्टी चाँदी खोला नाकाको ढुङ्गा, गिट्टी र वालुवा | पूर्व पश्चीम राजमार्गको उत्तर पट्टी चाँदी खोला नाकाको तोकिएको क्षेत्र भित्रको ढुङ्गा, गिट्टी र वालुवा/परिमाण ६०००० घन मिटर | ८०,००,०००। (असी लाख मात्र ) | २०००। | कबोल अंकको ५% |

**शर्तहरु :**

१. बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० (तीस) औं दिन सम्म चन्द्रपुर नगरपालिका बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्रहरु ३१ (एकतिस) औं दिन दिनको १२:०० वजे सम्म चन्द्रपुर नगरपालिकामा शिलबन्दी दर्ता गरि सक्नु पर्नेछ ।

२. वोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

३. ठेक्काको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई फाराममा खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ । शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

४. दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) वजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

५. बोलपत्र दाताले वोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल.बैक चन्द्रपुर स्थित ग-३-०८१०३०००००००००३००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

६. बोलपत्र स्विकृत भए पछि वा घर दैलोमा टाँस भएको मितिले ७ दिन भित्र नियमानुसार आयकर,/मु.अ.कर, दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिमा सम्झौता अनुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ । नगरेमा धरौटी रकम जफत् गरिने छ र दोश्रो वोलपत्र दाताको वोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुनः वोलपत्र अहवान गर्ने वा नगर्ने अधिकार नियमानुसार चन्द्रपुर नगरपालिकामा सुरक्षित रहनेछ ।

७. सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैकको कम्तीमा २०७६ अषाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्नेछ । बोलपत्र दाताले सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पुर्ण रकम एकमुष्ठ बुझाएमा ठेक्का अंक (कबोल अंकको) सहुलियत स्वरुप १०% छुट दिइनेछ ।

८. ठेकेदारले नियमानुसार कबोल अंकको १३% हुने मुल्य अभिविद्धि कर (VAT) करदाता सेवाको कार्यालय रौतहट, कार्यालय कोड ३०५०३२००१ खाता नं. क १०००२०००१०००० राजश्व शिर्षक नं.११४१४ मा बुझाई सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ । सो वाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमननुसार वुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सवै ठेकेदार स्वंयमले सम्वन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

९. ठेक्का अवधि आर्थिक वर्ष २०७५/०७६ को सम्झौता मितिदेखि लागु भई ०७६ आषाढ मसान्त सम्म मात्र हुनेछ ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट वा मिनहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनहा दिईने छैन विषेश परिस्थिति परि सो सन्दर्भमा नेपाल सरकार वा माथिल्लो निकायवाट निर्देशन भई आएमा सोहि बमोजिम हुनेछ ।

११. शुल्क उठाउँने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नंम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउँन प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण संकलन/उत्खनन् रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावि गर्न पाइने छैन ।

१२. ठेकेदारले ढुङ्गा, गिट्टी, र वालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा चाँदी र वागमती खोलाको स्विकृत (IEE) मा उल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (IEE) शर्त पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले ब्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट वन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाईने छैन ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने तथा अन्य ब्यवस्था गर्ने सम्पुर्ण अधिकार नगरपलिकामा सुरक्षित रहनेछ । शर्त सहितको वोलपत्रलाई वदर मानिनेछ । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१४. सम्मानित अदालत, नेपाल सरकारको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु नगरपालिका./ठेकेदारको कर्तब्य एवं दायित्व हुनेछ । ठेक्का सम्बन्धी कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तब्य हुनेछ ।

१५. नदीजन्य पदार्थ उत्खनन् गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा जिल्ला समन्वय समितिको निर्णय अनुसार हुनेछ ।

१६. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाईने छैन । तोकिएका कर संकलन स्थानमा दररेट सहितको होडिंग बोर्ड राख्नु पर्नेछ ।

१७. उत्खनन् तथा विक्रि भएको नदीजन्य पदार्थ रौतहट जिल्ला भित्र मात्र प्रयोग गर्न पाईनेछ । अन्य जिल्ला तथा विदेशमा निकासी गर्न पाईने छैन ।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

# चन्द्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर , रौतहट ।

आ.ब. २०७५।०७६ को लागि आन्तरिक आयको ठेक्का सम्वन्धी
शिलवन्दी बोलपत्र आव्हानको सूचना ।
**(प्रथम पटक प्रकाशित मिति : २०७५।०७।२०)**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रदेश नं. २ आर्थिक ऐन २०७५ दफा ६ अनुसुची ४ (१) अनुसार चन्द्रपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०७५/०७६ का लागि नदीजन्य पदार्थको विक्रि एवं निकासीको आय ठेक्काहरु बन्दोबस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनिहरुवाट आ.व.२०७५/०७६ का लागि नवीकरण भएको इजाजत पत्र र आ.व.२०७४/०७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु तथा उक्त फर्म कार्य गर्न योग्य भएको स्वघोषणा (Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर नेपाल.बैंक लिमिटेड, चन्द्रनिगाहपुर शाखाको खाता नं. ग-४-१-०८१०३००००००००४००१००१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरि रीतपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।**

**तपशिल**

| क्र.सं | ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र र परिमाण | न्युन्तम कबोल अंक वार्षिक | वोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | ४/०७५/०७६ | पूर्व पश्चीम राजमार्गको दक्षिण पट्टी चाँदी खोला नाकाको ढुङ्गा, गिट्टी र वालुवा | पूर्व पश्चीम राजमार्गको दक्षिण पट्टी चाँदी खोला नाकाको तोकिएको क्षेत्र भित्रको ढुङ्गा, गिट्टी र वालुवा/परिमाण ७५०० घन मिटर | १०,००,०००। | १०००। | कबोल अंकको ५% |

**शर्तहरु :**

१. **बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) औं दिन सम्म चन्द्रपुर नगरपालिका बाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्रहरु १६ (सोह्र) औं दिनको १२:०० वजे सम्म चन्द्रपुर नगरपालिकामा शिलबन्दी दर्ता गरि सक्नु पर्नेछ ।**

२. **वोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।**

३. **ठेक्काको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई फाराममा खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ । शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईने छ ।**

४. **दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) वजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।**

५. बोलपत्र दाताले वोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नेपाल.बैक चन्द्रपुर स्थित ग—३—०८१०३००००००००३००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

६. बोलपत्र स्विकृत भए पछि वा घर दैलोमा टाँस भएको मितिले ७ दिन भित्र नियमानुसार आयकर,/मु.अ.कर, दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिमा सम्झौता अनुसार बुझाउनु पर्ने रकम बुझाई सम्झौता गरि चलन पूर्जी लिई सक्नु पर्नेछ । नगरेमा धरौटी रकम जफत् गरिने छ र दोश्रो वोलपत्र दाताको वोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुनः वोलपत्र अहवान गर्ने वा नगर्ने अधिकार नियमानुसार चन्द्रपुर नगरपालिकामा सुरक्षित रहनेछ ।

७. सकार गरेको कुल रकमको हकमा ५०% नगद जम्मा गर्नु पर्ने र ५० % को हकमा नेपाल राष्ट्र बैक बाट मान्यता प्राप्त बैकको कम्तीमा २०७६ अषाढ महिना सम्मको म्याद भएको परफरमेन्स बौण्ड पेश गर्नु पर्नेछ । बोलपत्र दाताले सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पुर्ण रकम एकमुष्ठ वुझाएमा ठेक्का अंक (कबोल अंकको) सहुलियत स्वरुप १०% छुट दिइनेछ ।

८. ठेकेदारले नियमानुसार कवोल अंकको १३% हुने मुल्य अभिविद्धि कर (VAT) करदाता सेवाको कार्यालय रौतहट, कार्यालय कोड ३०५०३२००१ खाता नं. क १०००२०००१०००० राजश्व शिर्षक नं.११४१४ मा वुझाई सक्कल भौचर सहित यस कार्यालयमा वुझाउनु पर्नेछ । सो वाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमननुसार वुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सवै ठेकेदार स्वंयमले सम्वन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

९. ठेक्का अवधि आर्थिक वर्ष २०७५/०७६ को सम्झौता मितिदेखि लागु भई ०७६ आषाढ मसान्त सम्म मात्र हुनेछ ।

१०. बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहनेछ । ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट वा मिनहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनहा दिईने छैन विषेश परिस्थिति परि सो सन्दर्भमा नेपाल सरकार वा माथिल्लो निकायवाट निर्देशन भई आएमा सोहि बमोजिम हुनेछ ।

११. शुल्क उठाउँने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नंम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउँन प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा विक्रि विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण संकलन/उत्खनन् रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावि गर्न पाइने छैन ।

१२. ठेकेदारले ढुङ्गा, गिट्टी, र वालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा चाँदी र वागमती खोलाको स्विकृत (IEE) माउल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (IEE) शर्त पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले ब्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट वन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाईने छैन ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने तथा अन्य ब्यवस्था गर्ने सम्पुर्ण अधिकार नगरपलिकामा सुरक्षित रहनेछ । शर्त सहितको वोलपत्रलाई वदर मानिनेछ । साथै रित नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१४. सम्मानित अदालत, नेपाल सरकारको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु नगरपालिका./ठेकेदारको कतर्वय एवं दायित्व हुनेछ । ठेक्का सम्बन्धी कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाको निर्णय अनुसार हुनेछ साथै नगरपालिकाले वेला वेलामा आवश्यक निर्देशन दिन सक्नेछ र उक्त निर्देशन पालना गर्नु सम्बन्धीत ठेक्दारको कर्तब्य हुनेछ ।

१५. नदीजन्य पदार्थ उत्खनन् गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नु पर्ने अवस्थामा जिल्ला समन्वय समितिको निर्णय अनुसार हुनेछ ।

१६. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाईने छैन । तोकिएका कर संकलन स्थानमा दररेट सहितको होडिंग बोर्ड राख्नु पर्नेछ ।

१७. उत्खनन् तथा विक्रि भएको नदीजन्य पदार्थ रौतहट जिल्ला भित्र मात्र प्रयोग गर्न पाईनेछ । अन्य जिल्ला तथा विदेशमा निकासी गर्न पाईने छैन ।

१८. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली, २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।